त्रिभुवन विश्वविद्यालय

इन्जिनियरिङ अध्ययन संस्थान

मितिः २०८३/०४/१९

# इ. अ. सं. का आङ्गिक क्याम्पसहरूमा स्नातक तह (BE/BArch) का कार्यक्रमहरूमा भर्नाका लागि कोटाको लागि आवेदन दिँदा चाहिने आवश्यक कागजातहरू पेस गर्ने सम्बन्धी सूचना ।

इन्जिनियरिङ अध्ययन संस्थान प्रवेश परीक्षा बोर्डद्वारा शैक्षिक वर्ष २०८३।०८४ को बी. ई./बी. आर्क. तहमा भर्नाका लागि २०८३ सालमा लिइएको प्रवेश परीक्षामा उत्तीर्ण भएका परीक्षार्थीहरू मध्ये “स्नातक (बी.ई./बी.आर्क.) तहको प्रवेश-परीक्षा तथा क्याम्पस भर्ना सम्बन्धी जानकारी तथा निर्देशिका २०८३” को बुँदा नं ६ अनुसार यस अध्ययन संस्थानका आङ्गिक क्याम्पसहरूका विभिन्न कोटाहरूमा भर्ना हुन चाहने आवेदकहरूले निम्न अनुसारका कागजातहरू निम्न मिति तथा समय भित्र **इ. अ. सं., सूचना तथा सञ्चार प्रविधि (ICTC) केन्द्रमा** पेस गर्न सूचित गरिन्छ ।

कागजातहरू पेश गर्ने मितिः **२०८३/०४/२० गते देखि २०८३/०४/२६ सम्म। (सार्वजनिक बिदाको दिन बाहेक)**

समयः **बिहान ११ बजे देखि दिउँसो ४ बजे सम्म।**

## १) महिला कोटा (६.१) को लागि

सम्बन्धित क्याम्पसहरूको भर्ना कार्यक्रम अनुसार क्याम्पसहरूबाट नै हुने भएकोले यस कोटाका लागि हाल कागजात बुझाउन नपर्ने ।

## २) इ. अ. सं./ त्रि. वि., शिक्षक/कर्मचारी कोटा (६.२) को लागि

### क) इ. अ. स. /त्रि. वि., शिक्षक/कर्मचारी स्वयम् को हकमा

क) आवेदक आफू कुन क्याम्पसको शिक्षक/कर्मचारी हो सो को बिवरण खुलाएर इ. अ. सं. लाई सम्बोधन गरेको निवेदन ।

ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

ग) नियुक्ति पत्र को प्रमाणित प्रतिलिपि । (स्थायी नियुक्ति पाई कार्यरत रहि परीक्षण काल समाप्त भएको हुनु पर्ने)

घ) सम्बन्धित डीनको कार्यालय वा रजिस्ट्रारको कार्यालयबाट बाट पूर्व स्वीकृती पत्र ।

**ख) इ. अ. स. /त्रि. वि., शिक्षक/कर्मचारी का छोरा/छोरी को हकमा**

क) आवेदक आफू कुन क्याम्पसको शिक्षक/कर्मचारीको छोरा/छोरी हो सो को बिवरण खुलाएर इ. अ. सं. लाई सम्बोधन गरेको निवेदन ।

ख) आवेदकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

ग) आवेदकको बुबा/आमा (त्रि. वि., शिक्षक/कर्मचारी) को नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

घ) आवेदकको बुबा/आमा (त्रि. वि., शिक्षक/कर्मचारी) को नियुक्ति पत्र को प्रमाणित प्रतिलिपि । (इ.अ.स. को हक्मा इन्जिनियरिङ अध्ययन संस्थान अन्तर्गतका क्याम्पसहरुमा स्थायी नियुक्ति पाई परीक्षणकाल सकिएको हुनु पर्ने वा कम्तिमा एक वर्ष देखि इन्जिनियरिङ अध्ययन संस्थान अन्तर्गतका निकायहरुमा कार्यरत हुनु पर्ने र अन्य त्रि. वि., शिक्षक/कर्मचारी को हकमा स्थायी नियुक्ति पाई कार्यरत रहि परीक्षण काल सकिएको हुनु पर्ने ।)

ङ) सम्बन्धित शिक्षक/कर्मचारी कार्यरत क्याम्पस कार्यालयबाट निज त्रि. वि., शिक्षक/कर्मचारी हाल कार्यरत रहेको उल्लेख भएको सिफारिस पत्रको सकल प्रति।

च) आवेदकको नागरिकताबाट त्रि. वि., शिक्षक/कर्मचारीको छोरा/छोरी को नाता नखुलेको खण्डमा नाता खुल्ने प्रमाण पत्र ।

## ३) त्रि. वि. आरक्षित विपन्न कोटा (६.३) को लागि

क) आवेदक आफूले कुन कुन समुदायको तर्फबाट आवेदन दिन चाहेको हो सो को बिवरण खुलाएर इ. अ. सं. लाई सम्बोधन गरेको निवेदन । (निवेदनको ढाँचा यसै सूचनाको अनुसूचीमा उपलब्ध छ)

ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

ग) सम्बन्धित जातीय महासंघ/आयोग/प्रतिष्ठान/जिल्ला प्रशासन कार्यालय वा नेपाल सरकारले तोकेको निकाय बाट उक्त व्यक्ति सम्बन्धित जाती/समुदायमा परेको उल्लेख भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिले सम्बन्धित गाउँपालिका तथा नगरपालिकाबाट उक्त व्यक्ति सो ठाँउको स्थायी बासिन्दा भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

घ) कक्षा **८, ९ र एसईई** सरकारी/सामुदायिक विद्यालयमा अध्ययन गरेको प्रमाण स्वरूप कक्षा **८, ९ र एसईई** तहको लब्धाङ्कपत्र (Marksheet) को प्रमाणित प्रतिलिपि ।

ङ) कक्षा **८, ९ र एसईई** पढेको विद्यालय सरकारी/सामुदायिक विद्यालय भएको भनि सम्बन्धित जिल्ला शिक्षा कार्यालय वा गाउँ/नगर पालिकाको शिक्षा शाखा बाट प्राप्त प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

च) कक्षा **११ र १२** वा सो सरहको तहमा अध्ययन गर्दा सामुदायिक/सरकारी वा त्रिभुवन विश्वविद्यालयको आङ्गिक क्याम्पसमा अध्ययन गरेको प्रमाण स्वरूप कक्षा ११ र १२ वा सो सरहको लब्धाङ्कपत्र (Transcript) को प्रमाणित प्रतिलिपि । (कक्षा ११ र १२ नियमित रूपमै (पहिलो प्रयासमै) उत्तीर्ण भएको हुनु पर्ने ।)

छ) कक्षा **११ र १२** वा सो सरहको तहमा पढेको विद्यालय सरकारी/सामुदायिक विद्यालय भएको भनि सम्बन्धित जिल्ला शिक्षा कार्यालय वा गाउँ/नगर पालिकाको शिक्षा शाखा बाट प्राप्त प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । यदि नेपाल सरकार वा नेपाल सरकारको मान्यता प्राप्त संस्थाबाट छात्रवृत्ति प्राप्त गरेको भए जिल्ला शिक्षा कार्यालय वा राष्ट्रिय परीक्षा बोर्ड (NEB) ले छात्रवृत्ति प्राप्त गरेको भनि उल्लेख गरेको प्रमाणपत्र वा सम्बन्धित विद्यालय भएको वडा कार्यालयले उक्त कार्यालयको सिफारिसमा NEB छात्रवृत्तिमा अध्ययन गरेको भनि उल्लेख गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

ज) सम्बन्धित नगरपालिका वा गाउँपालिका वा सम्बन्धित पालिकाको वडा कार्यालयबाट उक्त आवेदक नेपाल सरकारले तोकेको मापदण्ड अनुरूप न्यून आयश्रोत भइ गरिबीको रेखामुनि परेको भनि प्रमाण सहित आधार र कारण समेत उल्लेख गरी इ. अ. सं. को नाउँमा लेखिएको सिफारिस पत्रको सक्कल प्रति ।

## ४) सरकारी र सरकारी स्वामित्व भएका संस्थाहरूले प्रायोजन गर्ने कोटा (६.४) को लागि

### क) कार्यरत कर्मचारी को हकमा

क) आवेदक आफू कुन सरकारी कार्यालयमा कार्यरत कर्मचारी हो र कुन सरकारी संस्थाले प्रायोजन गर्न चाहेको हो सो को बिवरण खुलाएर इ. अ. सं. लाई सम्बोधन गरेको निवेदन ।

ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

ग) सरकारी कार्यालय वा सरकारी स्वामित्व रहेको संस्थानहरूमा कार्यरत कर्मचारीहरू अध्ययन अवधिका लागि (बि.इ. का लागि ४ वर्ष, बि. आर्क. का लागि ५ वर्ष) अध्ययनमा सम्मिलित हुन सक्ने विभागीय स्वीकृती पत्रको सक्कल प्रति ।

घ) प्रायोजन गर्ने सरकारी संस्थाको प्रायोजन गर्ने प्रतिबद्धता सहितको पत्रको सक्कल प्रति ।(उक्त प्रायोजन गर्ने संस्था नेपाल सरकारको जिल्ला स्तरीय संस्था हुनु पर्ने वा जिल्ला स्तरीय संस्था द्वारा सिफारिस गरिएको हुनु पर्ने)

त्रिभुवन विश्वविद्यालय

इन्जिनियरिङ अध्ययन संस्थान

**ख) नेपाल सरकार बाट सूचीकृत गरीएका वर्गको हकमा**

क) आवेदकलाई कुन सरकारी संस्थाले प्रायोजन गर्न लागेको हो सो को बिवरण खुलाएर इ. अ. सं. लाई सम्बोधन गरेको निवेदन ।

ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

ग) सम्बन्धित जातीय महासंघ/आयोग/प्रतिष्ठान/जिल्ला प्रशासन कार्यालय वा नेपाल सरकारले तोकेको निकायबाट उक्त व्यक्ति सम्बन्धित जाती/समुदायमा परेको उल्लेख भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

घ) कक्षा **८, ९ र एसईई** सरकारी/सामुदायिक विद्यालयमा अध्ययन गरेको प्रमाण स्वरूप कक्षा **८, ९ र एसईई** तहको लब्धाङ्कपत्र (Marksheet) को प्रमाणित प्रतिलिपि ।

ङ) कक्षा **८, ९ र एसईई** पढेको विद्यालय सरकारी/सामुदायिक विद्यालय भएको भनि सम्बन्धित जिल्ला शिक्षा कार्यालय वा गाउँ/नगर पालिकाको शिक्षा शाखा बाट प्राप्त प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

च) कक्षा **११ र १२** वा सो सरहको तहमा अध्ययन गर्दा सामुदायिक/सरकारी वा त्रिभुवन विश्वविद्यालयको आंगिक क्याम्पसमा अध्ययन गरेको प्रमाण स्वरूप कक्षा **११ र १२** वा सो सरहको लब्धाङ्कपत्र (Transcript) को प्रमाणित प्रतिलिपि ।

छ) कक्षा **११ र १२** वा सो सरहको तहमा पढेको विद्यालय सरकारी/सामुदायिक विद्यालय भएको भनि सम्बन्धित जिल्ला शिक्षा कार्यालय वा गाउँ/नगर पालिकाको शिक्षा शाखा बाट प्राप्त प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । यदि नेपाल सरकार वा नेपाल सरकारको मान्यता प्राप्त संस्थाबाट छात्रवृत्ति प्राप्त गरेको भए जिल्ला शिक्षा कार्यालय वा राष्ट्रिय परीक्षा बोर्ड (NEB) ले छात्रवृत्ति प्राप्त गरेको भनि उल्लेख गरेको प्रमाणपत्र वा सम्बन्धित विद्यालय भएको वडा कार्यालयले उक्त कार्यालयको सिफारिसमा NEB छात्रवृत्तिमा अध्ययन गरेको भनि उल्लेख गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

ज) निज आवेदकलाई इ. अ. सं. अन्तर्गतका आङ्गिक क्याम्पसमा भर्ना गराउन प्रायोजन गर्ने भनि गरिएको निर्णयको प्रमाणित प्रतिलिपि ।

झ) प्रायोजन गर्ने सरकारी संस्थाको प्रायोजन गर्ने प्रतिबद्धता सहितको पत्रको सक्कल प्रति ।(उक्त प्रायोजन गर्ने संस्था नेपाल सरकारको जिल्ला स्तरीय संस्था हुनु पर्ने वा जिल्ला स्तरीय संस्था द्वारा सिफारिस गरिएको हुनु पर्ने)

त्रिभुवन विश्वविद्यालय

इन्जिनियरिङ अध्ययन संस्थान

## **५) For Foreign Quota**

a) Application letter to IoE as a foreign applicant.

b) Attested copy of Passport or ID with photo provided by the embassy.

*पुनश्चः उल्लिखित प्रावधानहरूमा कुनै प्रकारको छुट हुन गएमा, त्रि. वि, इ. अ. सं. स्नातक (बी.ई./बी.आर्क.) तहको प्रवेश-परीक्षा तथा क्याम्पस भर्ना सम्बन्धी जानकारी तथा निर्देशिका २०८३ बमोजिम हुनेछ ।

त्रिभुवन विश्वविद्यालय

इन्जिनियरिङ अध्ययन संस्थान

# परिशिष्ट (६.३ समावेशी विपन्न आरक्षण कोटाको लागि)

त्रि.बि. इन्जिनियरिङ अध्ययन संस्थान मिति:...............................

पुल्चोक, ललितपुर ।

**विषय: समावेशी विपन्न आरक्षण कोटा सम्बन्धमा ।**

उपरोक्त विषयमा मैले इन्जिनियरिङ अध्ययन संस्थान प्रवेश परीक्षा बोर्डद्वारा शैक्षिक वर्ष २०८३।०८४ को स्नातक (BE/BArch) तहमा भर्नाका लागि २०८३ सालमा लिइएको प्रवेश परीक्षामा सहभागी भई उत्तीर्ण भएको जानकारी गराउँदै मलाई "स्नातक (बी.ई./बी.आर्क.) तहको प्रवेश-परीक्षा तथा क्याम्पस भर्ना सम्बन्धी जानकारी तथा निर्देशिका २०८३" को बुदा नं ६.३ (समावेशी विपन्न आरक्षण कोटा) को समावेशी कोटा मध्ये तपसिलमा उल्लेखित आरक्षण सिटमा समावेश हुन चाहेको हुँदा यस उक्त कोटाकोलागि आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु।

**तपसिल:-**

| | | |
|---|---|---|
| १ | महिला | |
| २ | आदिवासी जनजाती | |
| ३ | मधेसी | |
| ४ | दलित | |
| ५ | अपाङ्ग | |
| ६ | पिछडीएको दुर्गम क्षेत्र | |
| ७ | मुस्लीम | |
| ८ | थारु | |
| ९ | अन्य | |

**आवेदक**

दस्तखत: .........................................................

नाम:..................................................................

प्रवेश परीक्षा रोल नं.: ........................................

सम्पर्क नं.: .......................................................